मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर ३ गते बुधबार ❑ 19 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरादेखि भुटानको पारोमा सिधा हवाई उडान सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २ मंसिर

पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट आजदेखि भुटान सिधा उडान सुरु भएको छ । युनिभर्सल टुर्स एण्ड ट्राभल (यूटीटी)ले यसअघि नै गत असोज १२ (२८ सेप्टेम्बर) देखि चारवटा चार्टर उडान गर्ने जनाए पनि उक्त उडान विभिन्न कारणले हुन नसकेको अवस्थामा आजदेखि उडान थालिएको हो ।

यसअघि असोज १२ सहित १६, २० र २४ गते उडान गने गरी तालिकासमेत तय गरिएको थियो । भुटान एयरको पोखरा-पारो (भुटान) सिधा उडान आज पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट औपचारिक रूपमा शुभारम्भ भएको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताउनुभयो ।

भुटान एयर र नेपालस्थित प्रतिनिधि युनभर्सल टुर्स एण्ड ट्राभल्सको निमन्त्रणामा आफू पहिलो उडानमार्फत थिम्पु पुगेको जानकारी दिँदै महानगरपालिकाका प्रमुख आचार्यले भन्नुभयो, "भुटानस्थित पारो अन्तरराष्ट्रिय विमानस्थलबाट पोखरा खाली आएको विमानले पोखराबाट नौ जना पाहुना तथा क्रु मेम्बरसहित पारो विमानस्थलमामा सुरक्षित अवतरण गरेको छ । आज केही प्राविधिक कारणले पूर्व निर्धारित टिमसहितको यात्रा हुन नसके पनि, छिट्टै नियमित



उडान सञ्चालन हुने अपेक्षा राखेको छु।" भुटान एयरलाइन्स र युनभर्सल टुर्स एण्ड ट्राभल्सले यसअघि गरेको प्रतिबद्धता निकट भविष्यमै नियमित उडानमा पूरा हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । अक्टोबरदेखि सुरु हुने बताइएको पूर्वनिर्धारित कार्यक्रम नेपालमा भएको अघिल्लो आन्दोलनका कारण पुनतालिकीकरण भएको र आज पहिलो उडान सफलतापूर्वक शुभारम्भ भएको उल्लेख गर्दै उहाँले बाँकी नियमित सिधा उडान २०२६ अप्रिलदेखि पुनः सुरु हुने भुटान एयरलाइन्सबाट जानकारी प्राप्त भएको बताउनुभयो । भुटान एयरलायन्स एक सय २६ सिट क्षमताको हो । ट्राभल्सले चार्टर उडानसहित ट्राभल्स प्याकेजसमेत बनाएको छ । सो प्याकेज चार रात र पाँच दिनको रहेको छ । पोखरादेखि भुटान र भुटानदेखि पोखराको सिधा उडान सुरु हुनुले दुवै देशको पर्यटन प्रवर्द्धन सहयोग पुग्ने पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहुन्छ । विमानस्थलबाट यस्ता किसिमबाट उडान हुनुपर्ने बताउँदै उहाँले यो यहाँको पर्यटन प्रवर्द्धनका लागि सकारात्मक भएको धारणा राख्नुभयो । पोखरा र भैरहवामा उडान गर्ने विदेशी वायुसेवालाई सरकारले आकर्षक छुट सुविधासमेत दिएको छ । जसअनुसार यहाँबाट हुने अन्तरराष्ट्रिय उडानबाट पाउने सम्पूर्ण शुल्क छुट दिइएको छ । नेपाल वायुसेवा निगमले दिने 'ग्राउन्ड ह्यान्डलिङ' सेवामा जम्मा २५ प्रतिशतबाहेक अतिरिक्त कुनै पनि शुल्क तिर्नुपर्दैन ।

यी दुई विमानस्थलबाट हुने अन्तरराष्ट्रिय उडानको छुट तथा सहुलियत सरकारले २०८१ साउन २८ देखि दिएको हो । सरकारले 'नागरिक उड्डयन क्षेत्रको समग्र सुधार तथा गौतमबुद्ध र पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनसम्बन्धी कार्ययोजना' अनुसार छुट दिएको हो । यी दुई विमानस्थलको अन्तरराष्ट्रिय उडानका लागि हवाई टिकटमा लाग्ने प्रतियात्रु तीन हजार रूपैयाँको यात्रु सेवा शुल्कमा छुट छ । यी दुवै विमानस्थलको अन्तरराष्ट्रिय उडानमा पार्किङ, ल्यान्डिङ र न्याभिगेसन शुल्कमा पूर्ण तथा नेपाल एयरलाइन्सले दिने ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ७५ प्रतिशत छुट दिइएको छ ।

हाल भुटानबाट त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल, काठमाडौँमा भुटान एयरलायन्सले सातामा चार वटा उडान भर्दै आएको छ । यसअघि गत असार ७ गते चीनको छेन्दु विमानस्थलबाट सिचुवान एयर लाइन्सको न्यारोबडी एयरबस ३१९ जहाजले पोखरामा चार्टर उडान गरेको थियो । पोखराबाटै छेन्दुमा हिमालयन एयरलाइन्सले पनि उडान भरिरहेको छ । त्यस्तै सिचुवानले पोखरा-सिचुवान-अष्ट्रेलिया उडानको पहलसमेत गरिरहेको छ । यसअघि सिचुवान एयरलाइन्सले पोखरा विमानस्थलमा केही समय चार्टर उडान गरेको थियो । कम्पनीले नयाँ गन्तव्यका रूपमा अष्ट्रेलियामा नियमित उडान गर्न चाहेको हो । उक्त एयरलाइन्सको एयरवस 'ए' ३१९ पहिलो पटक २०८० असार ६ गते पोखरा विमानस्थलमा उडान सुरु गरेको थियो । असारको ८ र ९ गते फेवातालमा भएको 'नेपाल-चाइना फ्रेन्डसीप ड्रागन बोट रेस फेस्टिभल २०२३' सहभागी चिनियाँ

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कर प्रशासन जनमुखी होस् : पोउवा संघ अध्यक्ष कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, २ मंसिर

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले कर प्रशासन जनमुखी हुनुपर्नेमा जोड दिएका छन् ।

उनले राज्यले संकलन गरेको कर जनताकै हितमा पारदर्शी तरिकाले खर्च गर्दामात्र राजश्व संकलनको दायरा बढ्ने पनि बताए । निजी क्षेत्र कर तिर्नुपर्छ भन्नेमा स्पष्ट रहेको बताउँदै उनले भने,' आफूले तिरेको कर आफ्नै हितमा खर्च भएको छ भन्ने अनुभूति होस्,सजिलो तरिकाले कर तिर्न पाइयोस् र झन्झट नहोस्, आफू हेपिएको वा पेलाइमा परेकोजस्तो पनि नलागोस् ।' अध्यक्ष कार्की सोमबार पोखरा महानगरपालिकाको आयोजना तथा संघकै समन्वयमा आयोजित 'पोखरा महानगरको स्वीकृत विज्ञापन ऐन २०८२' बारे जानकारी दिन आयोजित छलफल कार्यक्रममा बोल्दै थिए ।

आफ्नो पसल वा व्यावसायिक प्रतिष्ठानको चिनारी दिने गरी बोर्ड राख्न पाउनु व्यवसायीको नैसर्गिक अधिकार भएको बताउँदै त्यस्तो बोर्डलाई करको दायरामा ल्याउन हुँदैन भन्नेमा पोखरा उद्योग वाणिज्य संघ प्रष्ट रहेको बताए । त्यसका निम्ति संघले पटक-पटक महानगर



को ध्यानाकर्षण गराएको पनि उनले स्मरण गरे । पोखरा महानगरपालिकाले नगर क्षेत्रभित्र राखिने प्रचार सामग्रीमाथि कर लगाउने गरी विज्ञापन ऐन पारित गरेको छ । निजी क्षेत्र र सरोकारवालासँगको छलफलपछि महानगरले सो ऐन कार्यान्वयनमा ल्याएको र यसले महानगर क्षेत्रमा हुने विज्ञापनलाई व्यवस्थित गर्ने लक्ष्य लिएको पोखरा महानगरपालिकाका राजश्व महाशाखा प्रमुख नवराज पौडेलको जिकिर छ । महानगरका प्रशासकीय प्रमुख आविष्कार पौडेलका अनुसार यस्तो ऐन ल्याउने पोखरा देशकै पहिलो पालिका हो । सो ऐनमा ५५ दफा,६ वटा परिच्छेद र ५ अनुसूची रहेका छन् । यसअघि नै विज्ञापन कर पोखरामा कार्यान्वयनमा आइसकेको बताउँदै सुवेदीले हरेक वर्ष महानगरले विज्ञापन करबाट करिब ७० लाख राजश्व संकलन गर्दै आएको बताए । उनका अनुसार विज्ञापन ऐनले बढीमा ३० फिटसम्म अग्लो प्रचार सामग्रीमात्र राख्न दिने गरी नीति तय गरेको छ ।

कार्यक्रममा बोल्ने व्ययवसायीहरुले चाहिँ यो ऐन कार्यान्वयनमा आउँदा व्यवसायको चिनारी दिने बोर्डमा पनि कर लगाइने हो कि भन्ने आशंका व्यक्त गरे । उनीहरुले महानगरले विभिन्न शीर्षकमा कर मात्र थपेको तर सुविधा नदिएको गुनासो पनि गरे । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धचार्य, उपाध्यक्ष दीनेशचन्द्र बास्तोला र बलराम आचार्य,महासचिव शोभा गौतम, उपमहासचिव सुदीप प्रधानाङ्ग,कोषाध्यक्ष मनोजकुमार श्रेष्ठ,कार्यसमिति सदस्यहरु देवेन्द्र प्रजु,राम कँडेल, सुरेश घिमिरे, पृथ्वीराज तिमिल्सिना, पोखरा च्याम्बर अफ कमर्सका अध्यक्ष उमराज बास्तोला,कोषाध्यक्ष जीवन ढुंगाना, व्यवसायीहरु श्रीकृष्ण कतिला, नवराज आचार्य, पूर्णकुमार श्रेष्ठलगायतले करको दर हैन दायरा बढाउन, करदातामैत्री प्रशासन निर्माण गर्न, करको भारी बोकाउने हैन, सेवा प्रवाहमा चुस्तता ल्याउन माग गरेका थिए ।

## संसद् पुन:स्थापनाका लागि एमाले सर्वोच्च जाने

**रासस**
काठमाडौं, २ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन लिएर जाने भएको छ ।

एमालेबाट विघठित प्रतिनिधिसभामा रहेका सदस्यहरूको मंगलबारको बैठकले हस्ताक्षरसहित रिट निवेदन लिएर जाने निष्कर्ष निकालेको पार्टीका प्रमुख सचेतक महेश बर्तौलाले जानकारी दिनुभयो । निवेदन दर्ताका लागि बर्तौला र सचेतक सुनिता बराललाई अख्तियारी दिइएको छ । एमालेको केन्द्रीय कार्यालय, च्यासलमा भएको बैठकमा पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले संसद् पुनःस्थापनाका लागि कानुनी उपचार र शान्तिपूर्ण सङ्घर्षमा जानुपर्ने धारणा राख्नुभएको थियो ।

## संसदीय अभ्यासलाई खुला र पारदर्शी बनाइनुपर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २ मंसिर

प्रदेशसभाले कानुन निर्माणको प्रक्रियालाई खुला, पारदर्शी र जनसहभागितामूलक बनाउनुपर्नेमा जोड दिइएको छ ।

'गभर्नेन्स इन्टरनेशनल नेपाल'को आयोजना र गण्डकी प्रदेशसभा सचिवालयको समन्वयमा मंगलबार पोखरामा आयोजित 'संसदीय खुलापन, बाह्य पहुँच र प्रादेशिक अभ्यास' विषयक परामर्श गोष्ठीका वक्ताहरूले नीति-निर्माणमा नागरिकका आवाजलाई समेट्नुपर्ने बताएका हुन् । गण्डकी प्रदेशसभाका उपसभामुख वीनाकुमारी थापाले संसदीय अभ्यासलाई पहुँचयोग्य, जनउत्तरदायी र सहभागितामूलक बनाउन सकेमा मात्र प्रदेशसभाका कामकारबाही प्रभावकारी हुने बताउनुभयो । "संसद् नागरिकले चुनेका प्रतिनिधिको संस्था हो, यसका गतिविधिलाई नागरिकसँग जोड्नुपर्छ", उहाँले भन्नुभयो, "गण्डकी प्रदेशसभाले कानुन निर्माणका प्रक्रियामा नागरिकको सहभागिता बढाउँदै लगेको छ ।"

नेपाली कांग्रेस गण्डकी प्रदेशसभा संसदीय दलका सचेतक प्रकाश बरालले प्रदेशसभामा नागरिकको प्रत्यक्ष पहुँच रहेको बताउनुभयो । सूचना-प्रविधिका माध्यमबाट पनि प्रदेशसभाले गर्ने गतिविधिबारे नागरिक सुसूचित हुने अवस्था रहेको उहाँले बताउनुभयो । "विधेयक निर्माणका क्रममा पनि सम्बन्धित क्षेत्रका विज्ञ र सरोकार भएका पक्षहरूको राय तथा परामर्श लिने काम भइरहेको छ", उहाँले भन्नुभयो । गण्डकी प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री सरस्वती अर्याल तिवारीले विधेयक निर्माणका क्रममा विज्ञसहित सरोकार भएका पक्षहरूसँग छलफल गर्ने गरिएको बताउनुभयो । स्रोतसाधनको अपुगताका कारण पनि कतिपय विधेयक निर्माणका क्रममा जनस्तरसम्म पुगेर सुझाव सङ्कलन गर्न नसकिएको उहाँको भनाइ छ ।

प्रदेशसभा सदस्य लिलबहादुर थापाले प्रदेश संरचनाप्रति उठेका जनगुनासो सम्बोधन गर्ने गरी सरकार र प्रदेशसभाले काम गर्नुपर्ने बताउनुभयो । प्रदेशसभा सदस्य दिलमाया पौवीले कानुन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## शिक्षक आवश्यकता

यस कालिका पब्लिक कलेज पोखरा-१० रामबजारलाई तपशिल अनुसार शिक्षकहरु आवश्यक परेकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई आजको मितिले ०७ दिनसम्म कार्यालय समयमा कलेजमा उपस्थित भई आवेदन दिनुहुन यो विज्ञापन प्रकाशित गरिएको छ ।

**बिषय : नेपाली शिक्षा**
**शैक्षिक योग्यता : सम्बन्धित बिषयमा कम्तीमा दोस्रो श्रेणीमा स्नाकोत्तर उत्तीर्ण**
**उमेर : ४० वर्ष ननाघेको**
**बिषय : अर्थशास्त्र**
**शैक्षिक योग्यता : सम्बन्धित बिषयमा कम्तिमा दोस्रो श्रेणीमा स्नाकोत्तर उत्तीर्ण**
**उमेर : ४० वर्ष ननाघेको**
**अनुभवी र कलेजमा पूर्णकालिन रुपमा काम गर्न सक्नेलाई बिशेष ग्राहेता दिइने छ ।**
**आवेदन शुल्क: रु. ५००।- मात्र**
**छनौट प्रक्रिया : अर्न्तवार्ता र कक्षा अवलोकन**
**दरखास्त आइपुग्ने अन्तिम मिति : २०८२ साल मंसिर ८ गते सोमबार कार्यालय समयसम्म ।**

त्रिभुवन विश्वविद्यालय कालिका पब्लिक कलेज पोखरा २०६४

**कलेज प्रशासन**
**कालिका पब्लिक कलेज**
पोखरा-१०, रामबजार
**फोन नं. ०६१-५५२०३५, ४३४१४१, मो. ९८५६०७२५५२**
email: kalikapubliccollege@gmail.com

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्की जिल्लाका विकास निर्माण सम्बद्ध कार्यालयहरुवीच अर्न्तक्रिया कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २ मंसिर

जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्की जिल्लाका विकास निर्माण सम्वद्ध कार्यालयहरुवीचको विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धि अन्तरकृया कार्यक्रम मंगलबार सम्पन्न भएको छ।



विकास निर्माण कार्य सम्वद्ध कार्यालयका प्रमुख तथा प्रतिनिधि गरी करिव ४० जना सहभागी भएको उक्त कार्यक्रमको अध्यक्षता जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेलले गर्नुभएको थियो। जिल्ला समन्वय अधिकारी नवराज वरालले संचालन गर्नु भएको उक्त कार्यक्रममा स्वागत मन्तव्य जि.स.स कास्की उपप्रमुख सरिता कुमालले गर्नुभएको थियो।

कार्यक्रममा नेपाल टेलिकम, संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, स्थानीय पूर्वधार विकास आयोजना, प्रादेशिक जनस्वास्थ्य केन्द्र गण्डकी प्रदेश, मुग्लिंग पोखरा सडक आयोजना, खानेपानी संस्थान, शिक्षा विकास तथा समन्वय इकाइ कास्की, मध्यपहाडी लोकमार्ग, पुल सेक्टर आयोजना, सडक डिभजन कार्यालय, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, पूर्वधार विकास कार्यालय, संघीय खानेपानी तथा ढल विकास आयोजना, कृषि विकास कार्यालय कास्की, सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, वृहत जलाधार व्यवस्थापन केन्द्र लगायतका कार्यालयहरुले आ-आफ्नो कार्यालयवाट सम्पादन भएका कार्य प्रगति तथा समस्याका वारेमा प्रस्तुती गर्नु भएको थियो।

कार्यक्रममा सहभागीहरुले विकास निर्माण सम्वद्ध विविध विषयमा जिज्ञासा तथा समन्वयका विषयमा छलफल तथा अन्तरकृया गर्नुभएको थियो। कार्यक्रममा अन्नपूर्ण गांउपालिकाका अध्यक्ष विष्णु वहादुर के.सी.ले शुभकामना मन्तव्य राख्दै वर्तमान जन भावना अनुसार कार्यक्रम संचालन गर्न र जनताको घरदैलो सम्म सेवा सुविधा पुराउन कार्यालयहरुलाइ अनुरोध गर्दै कसैको व्यक्तिगत पहूचको आधारमा नभै आवश्यकता र प्राथमिकताका आधारमा योजना छनौट गरी स्थानीय तहमा संचालनहुने कार्यक्रममा सम्वन्धित स्थानीय तह गांउपालिका/ नगरपालिका मार्फत संचालन गर्न अनुरोध गर्नु भएको थियो। कार्यक्रमका अध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख लिलाधर पौडेलले जनताको आशा चाहान अनुरुप विनियोजित वजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिदै कार्यक्रमहरुले वास्तवमै जनताको जीवनस्तर उकास्न सक्नु पर्नेमा जोड दिनु भएको थियो। उहाँले विकास योजना समयमै सक्न र वेरुजु सून्य हुने गरी कार्य गर्न अनुरोध गर्दै हाम्रो लेखापरीक्षण पद्धतिमा समस्या रहेकोले आन्तरिक लेखा परीक्षण र अन्तिम लेखापरीक्षण लाइ वास्तविक र पारदर्शी वनाउन सम्वद्ध पक्षलाइ अनुरोध गर्नु भएको थियो।

विगत देखि समस्यामा रहेका रुग्ण आयोजनाको समस्या तत्काल समाधान गरी अगाडी वढ्न र क्रमागत योजनालाइ सम्पन्न भएपश्चात मात्र नयांयोजनामा वजेट विनियोजन गर्नु पर्नेमा जोड दिनु भएको थियो।



पहैंलपुर भई फुलेका तोरीबारी : पोखरा महानगरपालिका-२७ अर्घौको अर्चलेमा स्थानीयबासीले लगाएको टोरीको खेतबारीमा ढकमक्क फुलेको फूल र पृष्ठभूमिमा माच्छापुच्छ्रे हिमशृखला। तस्बिरः राधिका कँडेल/रासस

## पोखरादेखि ...

प्रतिनिधि, खेलाडी, दर्शकसहितका पर्यटकलाई ल्याउने र लैजाने प्रयोजनार्थ चार्टर्ड उडान गरिएको थियो। हाल हिमालय एयरलायन्सले ल्हासाको नियमित उडान गरिरहेको छ। हिमालय एयरलाइन्सले पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा हप्तामा एक दिन नियमित उडान गरिरहेको छ। काठमाडौँ-ल्हासा-पोखरा-ल्हासा-काठमाडौँ जोड्नेगरी हिमालयले उडान सञ्चालन गरिरहेको हो।

पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएको दुई वर्षपछि हिमालयले पहिलो व्यावसायिक उडान थालेको थियो। हिमालयका साथै सिचुवान र भुटान एयरलाइन्सको उडान भएमा यसबाट पोखरा अन्तरराष्ट्रिय विमानस्थल चलायमान बन्ने र विश्वका विभिन्न गन्तव्य जाने यात्रुका लागि पनि सहज हुने विश्वास लिइएको छ। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा अन्तरराष्ट्रिय विमानस्थल १७ पुस २०७९ मा उद्घाटन गरिएको थियो। तीन हजार ९०० रोपनी क्षेत्रफलमा फैलिएको पोखरा विमानस्थल करिब २२ अर्ब लागतमा निर्माण भएको हो। वार्षिक आठ लाख यात्रुलाई सेवा दिनसक्ने क्षमताको विमानस्थलमा दुई हजार ५०० मिटर लम्बाइ र ४५ मिटर चौडाइको धावनमार्ग छ।

# पोखरामा टाइटनको एक्सक्लुसिभ स्टोर सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, २ मंसिर

प्रिमियम घडी ब्रान्ड टाइटनले पोखरामा आफ्नो पहिलो एक्सक्लुसिभ स्टोर सञ्चालनमा ल्याएको छ।

चिप्लेढुङ्गास्थित ट्रेड मलमा सञ्चालित यो स्टोर शनिबार एक विशेष समारोहबीच उद्घाटन गरिएको हो। स्टोरको उद्घाटन पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले रिबन काटेर गरेका हुन्।

टाइटनका अन्तर्राष्ट्रिय व्यवसाय व्यवस्थापक वसन्त वासुदेवनका अनुसार यो स्टोर नेपालभरको ११औँ टाइटन एक्सक्लुसिभ आउटलेट हो। पोखरामा भने पहिलोपटक यस्तो प्रिमियम रेंजको आधिकारिक स्टोर खुल्दै ठूलो संख्यामा ग्राहक आकर्षित हुने अपेक्षा गरिएको छ। उनले जानकारी दिएका अनुसार स्टोरमा एक हजारभन्दा बढी मोडलका घडीहरू उपलब्ध छन्। पुरुषहरूका लागि 'अल्ट्रा स्लिम एज'देखि महिलाहरूका लागि 'ज्वेलरी कलेक्शन' र 'टाइटन स्टेलर' मा आधारित आकर्षक डिजाइनसम्मका घडीहरू राखिएका छन्। साथै स्टोरमा घडीसँगै परफ्यूम र सनग्लास जस्ता एक्सेसरिज पनि उपलब्ध छन्। मूल्य श्रेणी रु। ३५ सयदेखि रु। ६० हजारसम्म रहेको वासुदेवनले बताए। उद्घाटन अफर स् १० प्रतिशत छुट र परफ्यूम उपहार स्टोर शुभारम्भको अवसरमा टाइटनले विशेष अफर सञ्चालनमा ल्याएको छ। मंसिर १० गतेसम्म खरीद गर्ने ग्राहकले घडीको मूल्यमा १० प्रतिशत छुट पाउनेछन्। साथै प्रत्येक घडी खरीदमा २० एमएलको टाइटन स्किन परफ्यूम उपहार स्वरूप प्रदान गरिने कम्पनीले जनाएको छ। पोखरामा यसभन्दा अघि यति व्यापक मोडल र आधिकारिक सेवा उपलब्ध नहुँदा प्रिमियम घडीका ग्राहकहरू काठमाडौंमा भर पर्नुपर्ने अवस्था थियो। टाइटन स्टोरको आगमनसँगै पोखराका ग्राहकहरूले विश्वस्तरिय उत्पादनहरू स्थानीय रूपमा सहजै खरीद गर्न सक्ने भएका छन्।




## संसदीय ...

निर्माणसँगै विकास-निर्माणका काममा पनि ध्यान दिनुपर्ने बाध्यता रहेको सुनाउनुभयो। उहाँले प्रदेशसभामा महिला प्रदेशसभा सदस्यले उठाएका मुद्दामा प्रदेश सरकार र सम्बन्धित पक्षले कम महत्त्व दिने गरेको बताउनुभयो। गण्डकी प्रदेशसभा सचिवालयका सचिव गोविन्द पौडेलले संसदीय कार्यको पारदर्शीता र बाह्य पहुँचका लागि प्रदेशसभा बैठकको प्रत्यक्ष प्रसारण गर्ने गरिएको बताउनुभयो। व्यवस्थित प्रदेशसभा नभएको अवस्थामा पनि दर्शक र सञ्चारकर्मीलाई बैठकमा सहभागिता जनाउने वातावरण मिलाइएको उहाँको भनाइ छ।

सूचना प्रवाह र पारदर्शिताका लागि सूचना अधिकारीको व्यवस्था, अभिलेख व्यवस्थापनलगायत संस्थागत प्रबन्ध गरिएको उहाँले बताउनुभयो। प्रदेशसभाबाट अघिल्लो कार्यालयमा ५९ र पछिल्लो कार्यकाल सुरु भएयता २७ गरी हालसम्म ८७ वटा विधेयक पारित भएको सचिव पौडेलले जानकारी दिनुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष एवं नागरिक अगुवा आनन्दराज मुल्मीले राज्यका हरेक निकाय नागरिकप्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने बताउनुभयो।

संसदीय पत्रकार मञ्च गण्डकीका निवर्तमान अध्यक्ष भरत कोइरालाले विधेयक निर्माणमा विज्ञ र नागरिकको सहभागिता बढाउनुपर्ने बताउनुभयो। विधेयक निर्माणको प्रक्रियामा नागरिक सहभागिता, सूचनामा पहुँच र पारदर्शिता, प्रदेशसभा र प्रदेशसभा सदस्यहरूको उत्तरदायित्व मूल्याङ्कन, संसदीय अभ्यासमा प्रविधिको प्रयोग र नवप्रवर्तनका विषयमा छलफल भएको थियो। कार्यक्रममा विषयविज्ञ तथा पत्रकार कृष्णप्रसाद सापकोटाले 'ससंदीय खुलापन, बाह्य पहुँच र प्रादेशिक अभ्यास' विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।


**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**KARMASHIL SAVING & CREDIT COOPERATIVE SOCIETY LTD.**
पोखरा महानगरपालिका वडा नं. ८, सभागृहचोक, कास्की

**१३औं वार्षिक साधारणसभा बस्ने बारेको सूचना**

**प्रकाशित मिति २०८२/०८/०३**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८२/०६/३० गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको **तेह्रौं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा तपसीलका विषयहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएकाले सम्पूर्ण शेयर सदस्यज्यूहरुमा गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

**छलफलका विषयहरु :**
१. संचालक समितिको तर्फबाट सचिवको प्रतिवेदन प्रस्तुत, छलफल र पारित गर्ने।
२. लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने।
३. आ.व. २०८१/०८२ को लेखापरिक्षकको प्रतिवेदन प्रस्तुत र अनुमोदन गर्ने।
४. कोषाध्यक्षको तर्फबाट आ.व. २०८२/०८३ को वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने।
५. आ.व. २०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने।
६. संस्थाका विभिन्न नीति तथा कार्यविधिहरु संशोधन एवम् पुर्नलेखन पारित गर्ने।
७. सञ्चालक समितिवाट आ.व. २०८१/०८२ मा भएका विविध निर्णयहरुको अनुमोदन गर्ने।
८. नियामक निकायको निर्देशन सम्बन्धमा।
९. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नाम चयन गर्ने।
१०. विविध।

**तपसील :**
मिति : २०८२ पुष ५ गते, शनिबार
समय : बिहान ८:०० बजे
स्थान : फिस्टेल पार्टिप्यालेस, जरेवर (बुलौंदी), कास्की।
सर्म्पक नं : ०६१-५८०७९६, ५४४७९५, ९८५६०८०७९६

**नोट :**
- यस वर्ष +२ उत्तीर्ण शेयर सदस्यका छोराछोरीहरुको लब्धाङ्क पत्रको प्रतिलिपि यही मिति २०८२/०८/२६ गते भित्र कार्यालयमा बुझाई दिनुहुन् अनुरोध गर्दछौं।
- शेयर सदस्यहरुका लागि नास्ता तथा खानाको व्यवस्था गरिएको जानकारी गराईन्छ।

**ज्ञान प्रसाद अर्याल**
**सचिव**


# पोखराबाट पशु क्वारेन्टाइन सेवा थालनी

**पोखरापत्र संवाददाता**
पोखरा, २ मंसिर

संघीय सरकारले गण्डकी प्रदेशको राजधानी पोखरामा पशु क्वारेन्टाइन कार्यालय स्थापना गरेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गतको पशु सेवा विभागले पोखरा महानगरपालिका-१५ स्थित लामापाटनमा कार्यालय स्थापना गरेको हो।

नेपाल सरकारले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी पशु क्वारेन्टाइन कार्यालय पोखरामा सञ्चालनमा ल्याएको हो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा पशुपति ढुङ्गाना तथा पशु सेवा विभागका महानिर्देशक डा रामनन्दन तिवारीले संयुक्त रूपमा कार्यालयको उद्घाटन गर्नुभएको हो। यस कार्यालयअन्तर्गत दुई स्थायी चेकपोष्ट निर्धारण गरिएको छ। एउटा चेकपोष्ट पोखरा अन्तरराष्ट्रिय विमानस्थल (अन्तरराष्ट्रिय चेकपोष्ट) र अर्को चेकपोष्ट मुस्ताङको कोरला (सीमा चेकपोष्ट)मा रहेको पशु क्वारेन्टाइन कार्यालय पोखरामा प्रमुख डा किरण पाण्डेले बताउनुभयो।

उहाँले कोरलानाकाबाट आयातनिर्यात निरन्तर रूपमा बढिरहेको र पोखरा अन्तरराष्ट्रिय विमानस्थल छिट्टै पूर्ण रूपमा सञ्चालन हुन गइरहेको परिवेशमा कार्यालय स्थापना गरिएको हो। "गण्डकी प्रदेशमा पशुपन्छी, पशुपन्छीजन्य उत्पादन, पशुपन्छी उत्पादन सामग्रीमार्फत रोग भित्रिन नदिन, रोगको सम्भावित सङ्क्रमणलाई कम गर्न तथा रोगको प्रभावकारी नियमन गर्न कार्यालय खुलेको हो", कार्यालय प्रमुख पाण्डेले भन्नुभयो।

पशु क्वारेन्टाइन कार्यालयमार्फत पशुपन्छीजन्य उत्पादनको राष्ट्रिय अन्तरराष्ट्रिय व्यापार प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका रहने विश्वास गरिएको छ। कार्यालय शुभारम्भका अवसरमा पशु सेवा विभागका उपमहानिर्देशकद्वय डा सुलोचना श्रेष्ठ र डा प्रेरणा सेढाईं भट्टराई, राष्ट्रिय पशु प्रजनन कार्यालयका प्रमुख डा जगदीश पाण्डे, पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्रका वरिष्ठ पशु विकास अधिकृत डा गृष्म न्यौपाने, भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयका प्रमुख शम्भुराज पाण्डे, पोखरा महानगरपालिका पशु सेवा शाखा प्रमुख डा पवन पाण्डेलगायतको सहभागिता थियो।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# एमालेको संसद पुनस्थापनाको औपचारिक निर्णय

नेकपा एमालेले प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गर्ने संस्थागत निर्णय गरेको छ । मङ्गलबार बसेको विघटित संसदीय दलको बैठकले संसद् पुनर्स्थापनाबाहेक कुनै विकल्प नरहेको निष्कर्ष निकाल्दै तुरुन्तै रिट दायर गर्न निर्णय गरेको छ । बैठकको निर्णयअनुसार सर्वोच्चमा मुद्दा दायर गर्ने जिम्मा प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बराललाई दिइएको छ। उनीहरूले आवश्यक कागजात तयारी, वारेस तथा कानुन व्यवसायी नियुक्ति लगायत सम्पूर्ण कानुनी प्रक्रिया अघि बढाउने अख्तियारी पाएका छन ।

बैठकले जारी गरेको लिखित निर्णयमा प्रतिनिधि सभा पुनर्स्थापनाको माग राखी सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्न जो-जे कामकारबाही गर्नु पर्दछ सो गर्ने गरी दलको तर्फबाट आवश्यक रिट निवेदन दर्ता, वारेस मुकरर, कानुन व्यवसायी मुकरर लगायतका कार्य गर्न अधिकार रहने गरी बैठकले अख्तियारी दिने निर्णय गरेको छ भनिएको छ । एमालेले प्रतिनिधि सभा विघटनलाई 'असंवैधानिक', 'अलोकतान्त्रिक' र 'संवैधानिक सर्वोच्चता माथिको आक्रमण'का रूपमा व्याख्या गर्दै यसको प्रतिवादका लागि सबै तहका शक्ति र नागरिकलाई उभिन अपिल गरेको छ। निर्णयमा संविधान, विधिको शासन, लोकतन्त्र र जनसत्ताको रक्षाका लागि राजनीतिक दलहरू, नागरिक समाज, पेसा-व्यवसायमा रहेका सबै नागरिकलाई संसद् विघटनविरुद्ध आवाज उठाउन आह्वान गरिएको छ।

साथै, पार्टीले राष्ट्रियता, स्वाधीनता, सार्वभौमिकता, संविधान र लोकतान्त्रिक प्रणालीको पक्षमा आयोजित जनप्रदर्शन तथा अन्य कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउने निर्णय समेत गरेको छ।यश अघि एमाले केन्द्रीय समितिको बैठकले संसद पुनस्थापना गर्ने निर्णय गरिसकेको थियो ।सडकबाट दबाब दिन जनपरिचालन गर्ने निर्णय अनुरुप कार्तिक २९ गते सबै जिल्लामा र्‍याली र जनसभा सम्पन्न गरेको छ।सरकारले निर्वाचनको वातावरण विगारेको भन्दै नागरिक अगुवाहरूले समेत सरकारको कार्यशैलीमा असहमति जनाएका छन ।

एमालेका अध्यक्ष केपी ओलीले प्रतिनिधि पुनःस्थापनाको विकल्प नभएको जिकिर गरेकाछन् । विघटित प्रतिनिधिसभाको संसदीय दलको बैठकमा बोल्दै संसद् पुनर्स्थापनाका लागि सर्वोच्च अदालत र सडक संघर्षमा जाने घोषणा गरे। ओलीले भने अनुसार शान्तिपूर्ण आन्दोलन हुन्छ, अग्रगामी हुन्छ, संविधान र लोकतन्त्रको पक्षमा हुन्छ। सबैको जीउधनको रक्षाको पक्षमा हुनेछ। भय, त्रास सिर्जना गर्न र लुटपाट गर्नको लागि होइन।'

उनले आफूहरूले गर्ने आन्दोलनमा कुनै घुसपैठ नहुने प्रस्ट पारे । आन्दोलनलाई अगाडि बढाउन सांसदहरू तयार हुन निर्देशन दिएका छन।बैठकले आन्दोलनमा सरिक हुने निर्णय गरेर अरु भन्दा एक कदम अघि बढेको छ।जेनजी आन्दोलनको निहुँमा भएका लुटपाट, तोडफोड, आगजनी र विध्वंसात्मक गतिविधिको विरोधमा बोल्ने आँट अन्य दल र नागरिक अगुवाले समेत गर्न सकेका छैनन् ।एमालेले संस्थागत निर्णय गरेर विरोध गरेको छ।अध्यक्ष केपी शर्मा ओली निर्धक्कसंग बोलेका कारण तारो बनाइएका छन।अहिले ओलीको विरोध नगरी कार्यक्रम शुरु नहुने र गफ पनि नचल्ने भएपछि संवैधानिक परिक्षणमा लान एमाले तयार भएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# स्याङ्जाको वालिङमा माघमा महोत्सव



**पोखरापत्र संवाददाता**
स्याङ्जा, २ मंसिर

वालिङ उद्योग वाणिज्य संघको आयोजनामा नवौ वालिङ महोत्सव हुने भएको छ। जिल्लाकै प्रमुख व्यापारिक केन्द्र वालिङमा माघ १४ गतेदेखि २५ गतेसम्म संचालन हुने गरी १२ दिनसम्म संचालन हुने गरी वालिङ महोत्सव आयोजना गरिएको हो।

'हाम्रो गौरव हाम्रो शान, वालिङ महोत्सव हाम्रो पहिचान' भन्ने नारा सहित गण्डकी प्रदेशस्तरीय रुपमा लिइएको नवौ महोत्सवमा व्यापारिक मेला, विद्यालयस्तरीय नृत्य, लोकदोहोरी प्रतियोगिता, सुन्तला प्रदर्शनी, ताजा तरकारी प्रदर्शनी गरिने भएको आयोजकले जनाएको छ । महोत्सवमा अर्गानिक कफी प्रदर्शनी, पशुपंक्षी सम्वन्धि उन्नतजात तथा प्रविधिको प्रदर्शनी, अदुवा तथा जडिबुटीको प्रदर्शनी, सूचना प्रविधि तथा शैक्षिक प्रदर्शनी, खेलकुद प्रतियोगिता, बालउद्यान, हस्तकला प्रदर्शनी लगायत स्थानीय कलासंस्कृति प्रदर्शनी हुने संघका कार्यालय सचिव बाबुराम रेग्मीले जानकारी दिए । नवौ वालिङ महोत्सवमा १० करोडको अल्पकालिन कारोबार र तीन लाख दर्शक भित्राउने लक्ष्य लिइएको छ। एक करोड ७६ लाख आम्दानी, एक करोड दुई लाख खर्च गरेर ७३ करोड बचत गर्ने अनुमान गरिएको नवौ वालिङ महोत्सव-२०८२ विगतका भन्दा फरक बनाउने लक्ष्य राखिएको संघले जनाएको छ । महोत्सव वालिङको मात्रै नभएर जिल्लाकै पहिचान हो भन्ने विश्वास बोकेर अगाडी बढेको अगाडी बढेको संघका अध्यक्ष चेतनारायण श्रेष्ठले बताए । जिल्लाको पर्यटन र संस्कृतिलाई विशेष महत्व दिइने महोत्सवले कृषि उत्पादनलाई बजारीकरणमा समेत टेवा दिदै आएको छ । नवौ महोत्सवको संस्करणसम्म आइपुग्दा जिल्लावासीले महोत्सवलाई आफ्नोपन र सफल बनाउन सहयोग गर्नेमा आयोजकले विश्वास गरेको छ।

प्रत्येक दुई/दुई वर्षमा आयोजना हुँदै आएको महोत्सवको नवौं संस्करण गर्ने निधो संघले गएकै फागुनमा गरेको थियो । संघले निकाल्दै आएको वार्षिक क्यालेण्डर-२०८२ मा महोत्सवको मिति उल्लेख गरिसकेको थियो। गण्डकी प्रदेशका विभिन्न जिल्लामा महोत्सवमध्ये वालिङ महोत्सव भव्य र सफल बन्दै आएको छ।

# गोरखामा ट्र्याक्टर दुर्घटना हुँदा एकजनाको मृत्यु

**पोखरापत्र संवाददाता**
गोरखा, २ मंसिर

गोरखामा मंगलबार ट्र्याक्टर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । जिल्लाको पालुङटार नगरपालिका-९ स्थित बिर्दीमा खेत जोत्ने क्रममा ट्र्याक्टर दुर्घटना हुँदा सोही ठाउँका ६० वर्षीय जगबहादुर बानियाँको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो।

खेत जोतिरहेको बेलामा प्रदेश २-०३-००१ त २८२७ नम्बरको ट्र्याक्टर अचानक गियर फेल भई पछाडि हट्न पुग्दा बानियाँलाई ट्र्याक्टरले ठक्कर दिएको थियो। ट्र्याक्टरको ठक्करबाट उहाँको घटनास्थलमा नै मृत्यु भएको डिएसपी श्रेष्ठले बताउनुभयो।

ट्र्याक्टरको पछाडि काठको मुढामा बसेर बानियाँले खेत सम्याइरहेका बेला अचानक ट्र्याक्टरको गियर फेल भएको प्रहरीको भनाइ छ। घटनाको जानकारी पाएलगत्तै प्रहरीचौकी रातामाटेबाट घटनास्थलमा प्रहरीको टोली पुगेको थियो। दुर्घटनापछि ट्र्याक्टर चालक ५४ वर्षका धनबहादुर कुमाललाई प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएको जनाएको छ।

# पोखरालाई विराटनगरको ऐतिहासिक लक्ष्य, तोड्यो आफ्नै रेकर्ड

**पोखरापत्र संवाददाता**
गोरखा, २ मंसिर

दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को आजको दोस्रो खेलमा विराटनगर किङ्सले पोखरा एभेन्जर्सलाई २२१ रनको लक्ष्य दिएको छ । यो एनपिएल इतिहासकै उच्च स्कोर हो।

यसअघि गत संस्करणमा विराटनगरले नै लुम्बिनी लायन्सविरुद्ध १९३ रन बनाएको थियो । आफ्नो उक्त रेकर्डलाई विराटनगरले तोडेको छ।

कीतिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला टस हारेर ब्याटिङको निम्तो पाएको विराटनगरले ६ विकेटको क्षतिमा २२० रन बनायो। जसमा लोकेश बम र मार्टिन गुप्टिलले अर्धशतकीय पारी खेले।

गुप्टिलले ३५ बलमा ३ चौका र ५ छक्काको मद्दतमा ६१ रन हिर्काए। लोकेश ४८ बलमा १ चौका र ७ छक्काको प्रहार गर्दै ७२ रनमा आउट भए।

गुप्टिल र लोकेशले दोस्रो विकेटका लागि १३२ रनको साझेदारीसमेत गरे। यस्तै शुभम रन्जनेले १६ बलमा ३८, बसिर अहमदले १३ बलमा १ चौका र १ छक्काको मद्दतमा २३ रन जोडे । बलिङतर्फ पोखराका मार्ट टेलरले २, आकाश चन्द, सागर ढकाल र कुशल भुर्तेलले १-१ विकेट लिए।

दुवै टोली सुखद सुरूआतको खोजीमा छन्।

# सुम्सागाउँका एक सय ३२ घरमा धारा छ, पानी आउँदैन

**पोखरापत्र संवाददाता**
बागलुङ, २ मंसिर

विसं २०७६ मा बागलुङको जैमिनी नगरपालिका-६ अर्जेवास्थित सुम्सागाउँमा लिफ्टमार्फत 'एक घर एक धारा' सेवा पुर्‍याइयो।

कालीगण्डकीको पानीलाई लिफ्ट मार्फत सो गाउँका एक सय ३२ घरमा वितरण भएपछि स्थानीयवासी दङ्ग परे। तत्कालीन समयमा घरमै खानेपानीको धारा आउँदा खुसी बनेका सुम्सावासीको खुसी दुई वर्ष पनि टिकेन। लिफ्ट खानेपानीले निरन्तरता पाउन नसक्दा अहिले खानेपानीको हाहाकार छ। प्राविधिक गडबढी, बाढीपहिरो र चट्याङका कारण घरको धारामा पानी आउन नसकेको सुस्सावासीको भनाइ छ। घरको धारा हेरेर गाग्रीमा पानी बोक्नुपर्ने अवस्था सुम्सावासीको छ।

लिफ्टमार्फत सम्पन्न खानेपानी आयोजना दिगो नहुँदा आँगनमा धारा हुँदासमेत खानेपानी बोक्नुपर्ने अवस्थामा पुगेको सुम्साका स्थानीय कोपिला थापाले बताउनुभयो । उहाँका अनुसार आँगनको धारामा असारयता पानी नआएको दुखेसो पोख्नुभयो। "सुम्सामा खानेपानीको समस्या आजको होइन, मुहान नहुँदा हिउँदमा त खानेपानीको चरम सङ्कट थियो, खानेपानीको मुहान नहुँदा नेवा र जैमिनी नगरपालिकाको सहयोगमा गाउँमुनिको कालीगण्डकी छेउबाट पानी ल्याएर धारामा खस्यो", उहाँले भन्नुभयो, "लिफ्ट योजनाको भर नहुनेरहेछ, कहिले चट्याङले विद्युत्का उपकरण बिग्रन्छन् त कहिले पहिरोका कारण खानेपानीको पाइप बगाउँछ, पाँच महिना भयो धारामा खानेपानी आउँदैन, गाग्रीमा मानडाँडाबाट आएको मुहानको पानी बोक्छौँ, समस्या पहिलाको जस्तै भयो ।" विसं २०७६ मा नेवा, जैमिनी नगरपालिका र स्थानीयको जनसहभागितामा रु ८३ लाख खर्चेर सम्पन्न गरिएको आयोजनामा पटकपटक समस्या आएपछि स्थानीय चिन्तित छन्।

सुम्सा खानेपानी तथा स्वास्थ्य सरसफाइ आयोजनाका सचिव लालमाया पुनले आयोजना सम्पन्न भइसकेपछि तीनपटक समस्या आइसकेको बताउनुभयो। उहाँले पहिराले मुहानको संरचना बगाएपछि बनाएको भए पनि पछिल्लो समय पहिराका कारण खानेपानीको पाइप बगाउँदा पुनः समस्या भएको बताउनुभयो । "आयोजना सम्पन्न नहुँदै मुहान बाढीले बगायो, पुनर्निर्माण गरेपछि खानेपानी आयो, पछि चट्याङका कारण ट्रान्समिटर जल्यो, अहिले पहिराले पाइप बगाएपछि खानेपानी आएको छैन, नगरपालिकाले समेत मर्मत गरेको थियो, तर लिफ्ट योजना दिगो नहुनेरहेछ", पुनले भन्नुभयो।

आयोजनामा समस्या आएपछि नगरपालिकाले रु चार लाख ६५ हजार खर्चेर मर्मत गरी चलाएको भए पनि अहिले पुनः समस्या भएको जैमिनी नगरपालिकाका प्रमुख नरबहादुर पुनले जानकारी दिनुभयो। उहाँले विद्युत्को भोल्टेज अनियमित हुँदा उपकरणमा क्षति भएको बताउनुभयो । उहाँले विद्युत्मा एकरुपकता ल्याउन सबस्टेशन चाहिने रहेछ, त्यसका लागि पहल भइरहेको बताउनुभयो।

सुम्सावासीले मानडाँडाको मुहानको पानी पालो पर्खेर गाग्रीमा बोकेर गुजारा चलाउँदै आएका छन् । लाखौं खर्चेर बनाइएको योजना खेर जान नदिने नगरपालिकाको भनाइ छ। नगरपालिकाले आयोजनाको दिगोपनाका लागि काम गर्ने नगरप्रमुख पुनले बताउनुभयो।

# पर्यटन प्रवर्द्धन गर्न ढोरपाटन र निसीखोलामा १८ घरबास सञ्चालन

**पोखरापत्र संवाददाता**
बागलुङ, २ मंसिर

एक दशक अगाडिसम्म ढोरपाटन र निसीखोलामा एउटा पनि घरबास (होम-स्टे) थिएनन्। पर्यटकलाई बास बस्न व्यवस्थित होटलको अभाव थियो । घुमफिर गर्न आउने पर्यटक स्थानीयको घरमा जसोतसो रात कटाउने गर्थे । तर अहिले ठाउँ-ठाउँमा घरबास (होम-स्टे) र व्यवस्थित होटल सञ्चालनमा आएका छन्।

दुई वर्षदेखि 'दीगो पर्यटन प्रवर्द्धन परियोजना'मार्फत निसीखोला र ढोरपाटन क्षेत्रका नागरिकलाई पर्यटन साक्षरतासँगै घरबास सञ्चालनमा जोड दिइएको छ। पछिल्लो समय नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनसहित बुकीपाटन र आसपासका उच्च पहाडी क्षेत्रमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको आकषर्ण बढेसँगै घरबास तथा होटल थपिने क्रम जारी छ । प्रचारप्रसारका कारण ओझेलमा परेका पर्यटकीय क्षेत्रमा पर्यटक आउन थालेपछि घरबास व्यवसायसमेत फस्टाउन थालेको छ। दीगो पर्यटन प्रवर्द्धन परियोजनाले दुई वर्षमा दुई पालिकाका १८ स्थानमा घरबास सञ्चालन गर्न सहयोग गरेको छ।

परियोजनाका 'टिम लिडर' अमर थापाका अनुसार निसीखोला गाउँपालिकामा चार तथा ढोरपाटन नगरपालिकामा १२ घरबास सञ्चालन गर्न स्थानीयलाई प्रेरित गरी सहयोग गरिएको छ। हालसम्म अठार घरबासलाई रु दुई लाख ५० हजारका दरले रु ४५ लाखको सामग्री हस्तान्तरण गरेको थापाले बताउनुभयो । पर्यटकको आगमन बढ्न थालेपछि थप १२ घरबास सञ्चालनमा ल्याउने योजना रहेको उहाँले बताउनुभयो। "ढोरपाटन र निसीखोला पर्यटकीय हिसाबले निकै सम्भावना बोकेका ठाउँ हुन्, यहाँ थुप्रै सम्भावनायुक्त ठाउँ छन् । तिनीहरूको प्रवर्द्धनका लागि हामीले ठाउँ-ठाउँमा घरबास सञ्चालन गरिरहेका छौं, स्थानीयको सक्रियतामै घरबास सञ्चालन भएका हुन्", थापाले भन्नुभयो, "यस क्षेत्रमा घुम्न आउने कुनै पनि पर्यटकलाई खाना र बस्नका लागि कुनै पनि समस्या हुने छैन।" घरबासले लोपोन्मुख कला, संस्कृतिको संरक्षण गर्नुका साथै प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ छ। त्यससँगै स्थानीय उत्पादनले बजार पाउने र गाउँका महिला तथा युवासमेतले रोजगार पाउने थापा बताउनुहुन्छ। घरबास सञ्चालकलाई पर्यटन प्रवर्द्धनसँगै पाककला र हस्पिटालिटीसम्बन्धी तालिमसमेत दिएको उहाँले बताउनुभयो । ढोरपाटन नगरपालिका-९ पाखाथरका जीवन पुनले दशक अगाडि ढोरपाटनमा कुनै पनि होटल तथा घरबास नहुँदा आगन्तुक सामान्य गोठमा बास बस्ने गरेको बताउनुभयो। अहिले होटलसहित घरबास सञ्चालनमा आएपछि पर्यटकको आगमनमा पनि उल्लेख्य वृद्धि भएको उहाँको भनाइ छ। दीगो पर्यटन प्रवर्द्धन परियोजनाले स्थानीयलाई पर्यटनसम्बन्धी सचेतना र अन्य सहयोग गर्दै आएको पुनले बताउनुभयो । उहाँले भन्नुभयो, "आजभन्दा पाँच/सात वर्ष अघि ढोरपाटनमा आउने पर्यटक गोठमा सुत्नुपर्ने बाध्यता थियो, अहिलेको जस्तो पर्यटकको चाप पनि थिएन, अहिले ढोरपाटनमा आउने कुनै पनि पर्यटकले खाना बस्न नपाएर दुःख पाउनु पर्ने अवस्था छैन, धेरै होम-स्टे खुलेका छन्, होटल पनि छन्।" निसीखोला गाउँपालिका-६ बुढाथोकमा यसअघि कुनै पनि घरबास सञ्चालनमा थिएन। गत आइतबार मात्रै यहाँका चार घरमा घरबास सुरुआत गरिएको छ। दीगो पर्यटन प्रवर्द्धन परियोजनाले एक महिना घरबास सञ्चालनसम्बन्धी तालिम दिएपछि स्थानीय बीना बुढा मगरको समूहले चार घरमा घरबास सञ्चालनमा ल्याउनुभएको हो। अब निसीखोलामा आउन पर्यटकका लागि स्थानीय परिकार र कला संस्कृतिले आकर्षित गर्न सकिने बुढा मगरले बताउनुभयो। अब आफू प्रचारप्रसारमा लाग्ने उहाँको भनाइ छ । यस क्षेत्रमा अहिलेसम्म व्यवस्थित होटल र घरबास नहुँदा धेरै पर्यटक खाना, बस्नका लागि बुर्तिबाङ बजारमै पुग्नु बाध्यता रहेको भन्दै अब त्यो समस्याको समाधान हुने बुढा मगर बताउनुहुन्छ।


HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**

**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | HLI 40170000646 | सुनि गौतम | पोखरा-११, कास्की |
| २ | HLI 40170000668 | विष्णुमाया गुरुङ | सिर्सेकोट-५, स्याङ्जा |
| ३ | GLI 0610017645 | शोभा आले | बुटवल-४, रुपन्देही |
| ४ | HLI 40200000144 | अलिसा आले | पोखरा-१३, कास्की |
| ५ | GLI 0610013223 | संसार गुरुङ | हुवास-४, पर्वत |

# दरमखोला हाइड्रोपावरले थाल्यो व्यावसायिक उत्पादन

**पोखरापत्र संवाददाता**
बागलुङ, २ मंसिर

दरमखोला हाइड्रोपावरले व्यावसायिक उत्पादन थालेको छ । विसं २०७७ देखि निर्माण सुरु भएको हाइड्रोपावरबाट आइतबारदेखि व्यवसायी उत्पादन सुरु गरिएको हो ।



दरमखोला हाइड्रो इनर्जी लिमिटेडमार्फत सञ्चालनमा आएको हाइड्रोपावर गत असोज ३० गते केन्द्रीय प्रसारण लाइनमा जडान गरिएको थियो । विसं २०६५ मा हाइड्रोपावर निर्माण गर्ने भनिए पनि विसं २०७७ देखि मात्रै काम सुरु भएको हाइड्रोपावरको उत्पादन क्षमता ९ दशमलव ६ मेगावाट छ ।

सुरुमा गोर्खा हाइड्रोपावर कम्पनीले निर्माण गर्ने भने पनि अहिले दरमखोला हाइड्रो इनर्जी प्रालीले जिम्मा लिएको छ । गलकोट नगरपालिका-८ काँडेबासमा ड्याम निर्माण गरी साढे चार किलोमिटर पश्चिम मनेवापाटामा विद्युत्गृह निर्माण गरी विद्युत् उत्पादन सुरु गरिएको हाइड्रोपावरका इञ्जिनियर मिथिलेस चौधरीले जानकारी दिनुभयो । बर्खामा ९ दशमलव ६ मेगावाट विद्युत् उत्पादन गर्न सकिने भए पनि हिउँद याममा ६ दशमलव ६ मेगावाट मात्रै उत्पादन भइरहेको इञ्जिनियर चौधरीले बताउनुभयो । इञ्जिनियर चौधरीले भन्नुभयो, "दरमखोला हाइड्रोपावरलाई नेपाल विद्युत् प्राधिकरणको प्रसारण लाइनमा जोडिएको छ, विद्युत्गृहभन्दा १४ किलोमिटर पूर्वमा रहेको हरिचौर सवस्टेशनमा जोडिएको छ, प्रसारण लाइनमा एक महिना अगाडि नै जोडे पनि व्यावसायिक उत्पादन भने अहिले बल्ल नियमित हुन थालेको छ, बर्खामा ९ दशमलव ६ मेगावाट उत्पादन गर्न सकिने भए पनि अहिले सकिदैन ।" हाइड्रोपावर निर्माणको जिम्मा रामेछाप शेर्पा कन्स्ट्रक्सन र क्रिमहाइडल लिमिटेड पाएका थिए । हाइड्रोपावर निर्माण गर्दा विभिन्न अवरोध हुँदा निर्माण सम्पन्न गर्न समय लागेको दरमखोला हाइड्रो इनर्जीका अध्यक्ष नरबहादुर पुनले बताउनुभयो । सुरुमा गोर्खा हाइड्रोपावर कम्पनीले बनाउने गरी इजाजत पाए पनि उक्त कम्पनीले काम नगरेपछि आफूले सुरु गरेको उहाँको भनाइ छ । निर्माण सम्पन्न गर्न रु दुई अर्ब बढी लगानी भएको अध्यक्ष पुन बताउनुहुन्छ । हाइड्रोपावरबाट विद्युत् उत्पादन हुन थालेपछि बागलुङका विकट गाउँ बस्तीमा विद्युत् पुग्ने अपेक्षा लिएको उहाँको भनाइ छ ।

"दरमखोला हाइड्रोपावर बागलुङमा अहिलेसम्म बनेकामध्ये सबैभन्दा ठूलो हाइड्रोपावर हो, यसको सर्भे धेरै वर्ष अगाडि भए पनि विभिन्न समस्याका कारण अलि ढिला काम थाल्यौं, यद्यपि अहिले उत्पादन गर्ने स्थितिमा आएको छ", अध्यक्ष पुनले भन्नुभयो, "१७ वर्ष अगाडि गोर्खा हाइड्रोपार कम्पनीले इजाजत पाएको थियो, त्यसलाई रद्द गरेर हामीहरुले नयाँ कम्पनी बनाएर काम गर्‍यौं, अहिले सम्पन्न भएर सकियो ।"

# स्याङ्जामा ६ लाख किलो बीउ उत्पादन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २ मंसिर

स्याङ्जामा गएको आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न जातका खाद्यान्न बालीका ६ लाख किलोग्राम भन्दा बढि बीउ उत्पादन भएको छ । जिल्लामा क्रियाशिल कृषि सहकारी, समूह र फार्मबाट धान, मकै, गहुँ, आलु सहित खाद्यान्नका ६ लाख ५३ हजार ८७३ किलोग्राम बीउ उत्पादन भएको हो ।

उत्पादन भएका खाद्यान्नका बीउमध्ये सबै भन्दा बढि आलुको चार लाख ५० हजार ९ सय र धानको एक लाख १७ हजार ४३ किलोग्राम बीउ उत्पादन भएको छ । मकैको ७७ हजार ५ सय, गहुँको ७ हजार ४३० किलोग्राम र पशुलाई प्रयोग गरिने एक हजार किलो जैघाँस सहित ६ लाख ५३ हजार ८७३ किलोग्राम बीउ उत्पादन भएको कृषि ज्ञान केन्द्र स्याङ्जाले जानकारी दिएको छ । जिल्लाका ११ पालिकामध्ये बीउ उत्पादनको क्षमताले गल्याङ नगरपालिकाका कृषक समूह अन्य पालिकाको तुलनामा अब्बल देखिएका छन् । गल्याङ मा आलु तीन लाख ९५ हजार, धान ५२ हजार, मकै २० हजार र गहुँ तीन हजार गरी चार लाख ७० हजार किलोग्राम बीउ उत्पादन भएको हो । यस अवधिमा फेदीखोला गाउँपालिकामा ४७ हजार र चापाकोट नगरपालिकामा ४२ हजार ८३० किलोग्राम आलु, धान, मकै र गहुँको बीउ उत्पादन भएको केन्द्रले जनाएको छ । त्यसैगरी बिरुवा गाउँपालिकामा ३६ हजार दुई सय, भीरकोट नगरपालिकामा २३ हजार ५५० किलोग्राम बीउ उत्पादन भएको केन्द्रका कृषि विकास अधिकृत विकास वि.क.ले जानकारी दिए । उता पुतलीबजार नगरपालिकामा १९ हजार २९३, आँधीखोला गाउँपालिकामा ७ हजार खाद्यान्न र एक हजार किलो जैघाँस उत्पादन भएको थियो भने वालिङ नगरपालिका र कालीगण्डकी गाउँपालिकामा तीन/तीन हजार किलोग्राम बीउ उत्पादन गर्न कृषकहरु सफल भएका थिए । अर्जुनचौपारी गाउँपालिकामा दुई हजार किलोग्राम बीउ उत्पादन हुँदा हरिनाश गाउँपालिकामा आलु, धान, मकै र गहुँको बीउ उत्पादन गर्न सकेन् । जिल्लामा उत्पादित खाद्यान्नका बीउमध्ये ठूलो हिस्सा जिल्लाभित्रै खपत भएको केन्द्रले जनाएको छ । केन्द्रका अनुसार जिल्लाका पालिकाहरुमा उत्पादित अधिकांश बीउ एकअर्को पालिकामै खरिद बिक्री हुँदा बीउको ठूलो हिस्सा आन्तरिक रुपमा खपत भएको हो । जिल्लाका कृषकहरुले थोरै मात्रामा रैथाने र उन्नत जातका बीउ जिल्ला बाहिरबाट खरिद गरेर ल्याएको केन्द्रको तथ्याङ्कमा छ ।

सहकारी, कृषक समूहले उत्पादन गरेको रैथाने बीउबाट कृषकहरु राम्रो उत्पादन लिन सफल भएका छन् । 'हाईब्रिडको तुलनामा रैथाने बीउले उत्पादन दिदैन् कि भन्ने चिन्ता थियो ।' स्थानीय कृषक कृष्ण अर्यालले भने, रैथाने बीउको प्रयोगबाट राम्रै उत्पादन लिन सकिएको छ ।' रैथाने बीउ संरक्षण र प्रवर्द्धनमा जिल्लाका पालिकाले नगदसँगै प्रविधिमा समेत सहयोग गर्दै आएको अर्यालले सुनाए ।

गएकै वर्ष जिल्लास्थित सरकारी नियकाबाट अनुदानमा पाँच लाख ६ हजार ७४० किलोग्राम परिमाणको बीउविजन वितरण भएको केन्द्रले जनाएको छ । सबै भन्दा बढि ज्ञान केन्द्रबाटै तीन लाख ६८ हजार २९०, स्थानीय तहबाट एक लाख ३० हजार ८९०, कृषि विकास श्रोत केन्द्र वालिङबाट ६ हजार ९६० र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमबाट ६ सय किलोग्राम परिमाणको बीउविजन वितरण भएको थियो ।

# स्याङ्जाका ठूला आयोजनाको प्रगति सन्तोषजनक

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २ मंसिर

राष्ट्रिय गौरबका आयोजना निर्माणमा ढिलासुस्ती भइरहेको बखत र देशभर संचालित अधिकांश ठूला योजना अलपत्र परेका छन् । अधिकांश आयोजना निर्माणमा निर्माण कम्पनीको लापरबाही देखिन्छ भने केहि आयोजनाहरुको सरकारले भुक्तानी दिन नसक्दा निर्माणको गति सुस्त भएको छ । ठूला पूर्वाधार निर्माणमा ढिलाई हुँदा नागरिकमा नैराश्यता बढ्दो छ । समय सिमाभित्र आयोजना निर्माण नहुँदा पूर्वानुमान लागत महंगो पर्न गएको छ । निर्माण कम्पनीको लापरबाहीले लामो समयदेखि काम रोकिएका आयोजनाको सरकारले ठेक्का सम्झौता तोड्न खोजिरहेको छ । ठूला आयोजना निर्माणमा कम्पनी र सरकार दुबैतर्फबाट कमजोरी भईरहेको बेला स्याङ्जामा संचालित जिल्लाकै ठूला आयोजनाहरुको प्रगति भने सन्तोषजनक रहेको छ ।

स्याङ्जामा संचालित सडक तथा पुल निर्माणका एक दर्जन ठूला आयोजनाहरुको प्रगति सन्तोषजनक रहेको पूर्वाधार विकास कार्यालयले दाबी गरेको छ । पाँच करोड भन्दा माथिका बहुवर्षिय आयोजना अन्तर्गत सडकअन्तर्गत ८ र पुलतर्फका चार गरी जिल्लाभित्रका १२ आयोजनाको प्रगति सन्तोषजनक रहेको कार्यालयले जनाएको छ ।

जिल्लाका बहुवर्षिय आयोजनामध्ये सडकतर्फको एक अर्ब ६१ करोड १९ लाख ५६ हजार ४७२ रुपैयाँ बजेटमा ८१ करोड ११ लाख ४० हजार ९०६ रुपैयाँ अर्थात झण्डै ५१ प्रतिशत खर्च भएको छ भने पुलअन्तर्गतको १९ करोड ९१ लाख ७९ हजार ४२३ रुपैयाँमध्ये करिब ३९ प्रतिशत अर्थात ७ करोड ७४ लाख तीन हजार ४२२ रुपैयाँ खर्च भएको छ । सडक र पुलको गरी एक अर्ब ८१ करोड ११ लाख ३५ हजार ८९५ रुपैयाँ कुल लागतको ८८ करोड ८५ लाख ४४ हजार ३२८ रुपैयाँ अर्थात ४९ प्रतिशत भन्दा बढि रकम खर्चलाई कार्यालयले सन्तोषजनक प्रगति भनेको हो ।

'पाँच करोड भन्दा बढि लागतका विगत पाँच वर्षदेखिका १२ वटा आयोजनाहरु संचालनमा छन् ।' पूर्वाधार कार्यालय स्याङ्जाका प्रमुख इन्जिनियर दयाराम अधिकारीले भने, 'कुल बजेटको ४९ प्रतिशत खर्चलाई हामीले सन्तोषजनक मानेका छौं ।' वित्तीय प्रगतिलाई आधार मान्दा ४९ प्रतिशत मात्रै खर्च भएपनि सबै आयोजनाहरुको भौतिक प्रगति भने अपेक्षाकृत नै रहेको उनले जनाए । सडक आयोजनामध्ये शुक्लागण्डकी-दुलेगौडा हुँदै हरिनाश गाउँपालिका केन्द्र जोड्ने सडकको ८६ प्रतिशत स्तरोन्नती भएको छ भने बिर्धा-गलहाम, बनकसी खहरे सडकको ८५ प्रतिशत भौतिक प्रगति भएको छ । कार्यालयका अनुसार शालिग्राम करिडोरको ६० प्रतिशत, र्मिमि-बिर्धा, रानीघाट मोटरबाटोको ५२ प्रतिशत, रत्ने-सुन्तलाबारी सडक खण्डको ५१ प्रतिशत, अर्जुनचौपारी-रापाकोट सडकको ४० प्रतिशत र वालिङ-हुवास सडक निर्माण तथा स्तरोन्नती ३२ प्रतिशत सकिएको छ । सडकतर्फकै सबै भन्दा ठूलो ४२ करोड ४२ लाख ९४ हजार ६७९ लागतको गल्याङ-चापाकोट सडकको २६ प्रतिशतले हुने १० करोड ३३ लाख १८ हजार १९० र पुलतर्फको ठूलो गौरीघाट मोटरेवल पुलको पाँच करेड ५१ लाख ७५ हजार ६६६ रुपैयाँमध्ये तीन करोड एक लाख ७६ हजार अर्थात ७६ प्रतिशत खर्च भएको छ । बिरुवा गाउँपालिका-६ चिन्नेबासमा आर्थिक वर्ष २०८०/८१ बाट बन्दै गरेको पुल चालु वर्षको चैत्रमा निर्माण सम्पन्न हुने कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०८०/८१ बाट निर्माण थालिएको बिरुवा गाउँपालिकाको राक्सेघाट पक्की पुलको ७८ प्रतिशत काम सकिएको छ । पुतलीबजार नगरपालिका-३ सिन्गालेस्थित मोटरेबल पुलको ४७ प्रतिशत प्रगति देखिन्छ भने फेदीखोलास्थित सेतीखोला पुलको ३७ प्रतिशत वित्तीय प्रगति भएपनि अधिकांश पुलको संरचनागत भौतिक प्रगति ७५ प्रतिशत भन्दा बढि रहेको छ । अधिकांश सडक र पुल निर्माणको ठेक्का लिएका कम्पनीले आवश्यक पूर्वाधार निर्माणको काम अन्तिम चरणमा पुर्‍याएको कार्यालयका इन्जिनियर पोषराज पौडेलले बताए ।

सडक चौडा बनाउने, टेवा पर्खाल लगाउने र बेश बिछ्याउने धेरै काम सकिएको छ भने पुलको आवश्यक संरचना तयार भईसकेको छ, अधिकांश सडक कालोपत्रे र पुल ढलानको मात्रै काम बाँकी रहेको पौडेलले जनाए । जिल्लामा संचालित ठूला आयोजनामध्ये धेरैको समयसिमा चालु आर्थिक वर्षको चैत्र मसान्तसम्म छ । भौतिक प्रगति विवरणका आधारमा १२ ठूला आयोजनाहरु चालु वर्षमै सकिनेमा कार्यालय विस्वस्त छ । कार्यालयको सक्रियता र पहल, आयोजनाको प्राप्त प्रगति र निर्माण कम्पनीको तदारुकताले आयोजना समयमै सकिनेमा विश्वास लागेको कार्यालयले जानकारी दिएको छ ।

# मालढुङ्गा-बेनी सडकको लस्ती-बेनी खण्डमा कालोपत्र सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ मंसिर

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने मालढुङ्गा-बेनी सडकको लस्ती-बेनी खण्डमा कालोपत्र गर्न सुरु भएको छ ।

भारत र चीनलाई जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडक योजना कार्यालयमार्फत सोमबारदेखि छ किलोमिटर ५०० दूरीको सडकमा कालोपत्र गर्न थालिएको हो । कार्यालयका सूचना अधिकारी इञ्जिनियर विष्णु चापागाईंले दुई लेनमा अक्सफाल्ट प्रविधिको कालोपत्र गरिने जानकारी दिनुभयो । "गत वर्ष पाँच दशमलव पाँच किलोमिटर दूरीको मालढुङ्गा-फर्से खण्डमा कालोपत्र भएको थियो", उहाँले भन्नुभयो, "बाँकी रहेको फर्से-बेनी खण्डमा यही महिनाभित्र कालोपत्र सम्पन्न गर्ने लक्ष्यसहित निर्माण कम्पनीले उपकरण र मजदुर परिचालन गरेको छ ।" कूल १३ किलोमिटर दूरीको मालढुङ्गा-बेनी सडकको पहिरो प्रभावित र पर्वत बेनीको बजार क्षेत्रको एक किलोमिटरलाई ठेक्काबाट हटाइएको छ । दुई किलोमिटर २०० मिटर ढलान भएको छ । लस्ती बजारको ५६० मिटर र लस्ती पुलदेखि केराबारीको पहिरोसम्म २५० मिटरमा सोमबार एकतर्फी कालोपत्र भएको छ । मङ्गलबार उक्त खण्डमा दुईतर्फी कालोपत्र सकेर केराबारीदेखि मिलनचोकतर्फ कालोपत्र सुरु गर्ने निर्माण कम्पनी एपेक्स-खड्का-कृष्ण जेभीका इञ्जिनियर जीवन चौधरीले बताउनुभयो । कालोपत्रलाई तीव्रता दिनका लागि स्थानीय प्रशासनको समन्वयमा म्याग्दी र मुस्ताङ जाने आउने सवारीसाधनलाई मालढुङ्गा-बागलुङ-रत्नेचौर- बेनी जोड्ने वैकल्पिक सडकबाट आवतजावत गर्ने व्यवस्था मिलाइएको छ । मङ्सिर २० गतेसम्मका लागि मालढुङ्गा-बेनी सडक स्तरोन्नतिका लागि बिहान १० देखि साँझ ५:०० बजेसम्म बन्द गरिएको म्याग्दीका प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले बताउनुभयो । एपेक्स-खड्का-कृष्ण जेभीले विसं २०७७ चैतमा रु ५२ करोड ८६ लाखमा ठेक्का सम्झौता गरेको थियो । विसं २०७९ मा सम्पन्न हुनुपर्ने सडक निर्माण कार्यले लक्ष्यभन्दा तीन वर्षपछि पूर्णता पाउन लागेको हो । कोरोना महामारी, बाढीपहिरो, नदीजन्य निर्माण सामग्रीको अभावका कारण देखाएर सहायक ठेकेदार ओमकारेश्वरले अलपत्र बनाएको योजनालाई पूर्णता दिन एक वर्षअघि मुख्य ठेकेदार कार्यक्षेत्रमा आएका थिए । जलजला गाउँपालिका-७ मिलनचोकका बासिन्दा बाबुराम कार्कीले सडक कालोपत्र भएपछि यात्रा अवधि छोटिने, ढुवानी र सार्वजनिक यातायातको भाडादर घट्ने, धुलो र हिलोमा जोखिम तथा कष्टपूर्ण यात्रा गर्नुपर्ने अवस्थाको अन्त्य हुने बताउनुभयो ।

सडक निर्माणलाई गति दिन जनप्रतिनिधि, उद्योगी व्यवसायी र सरोकारवालाहरुले दबाब दिँदै आएका छन् । यो सडकमा म्याग्दी, मुस्ताङ र पर्वतको जलजला गाउँपालिकाका स्थानीय बासिन्दाका साथै पर्यटक र तीर्थयात्री आवतजावत गर्छन् । 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत २०५२ सालमा मार्ग खुलेको मालढुङ्गा-बेनी सडक बेनी सडक २०६८ सालमा कालोपत्र गरिएको थियो । चालु आर्थिक वर्षभित्र सडक कालोपत्र सम्पन्न हुने आयोजनाले जनाएको छ ।

# स्वास्थ्य केन्द्रका लागि पाँच रोपनी बढी जग्गा दान

**पोखरापत्र संवाददाता**
तनहुँ, २ मंसिर

जिल्लाको व्यास नगरपालिका-१४ स्थित केशवटार आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणका लागि यहाँका दुई व्यक्तिले पाँच रोपनी १२ आना जग्गा दान गरेका छन् ।

स्थानीय अमृता आले र नरबहादुर थापाले करिब रु चालिस लाख बराबरको जग्गा दान गरेका हुन् । पहिलो चरणमा एक ढलानको चारकोठे सुविधा सम्पन्न भवन निर्माणको लागि काम सुरु गरिएको कार्यवाहक वडाध्यक्ष दुर्गा आलेले जानकारी दिनुभयो । व्यास नगरपालिकाको सहयोगमा रु पच्चीस लाख बजेट विनियोजनपश्चात भवन निर्माणका लागि शिलान्यास गरी काम अघि बढाइएको कार्यवाहक वडाध्यक्ष आलेले बताउनुभयो । उहाँले भन्नुभयो, "वडा कार्यालय परिसरमा रहेको एक भवनबाट काम चलाउ किसिमले स्वास्थ्य सेवा प्रवाह गर्दै आएका छौं ।"

विसं २०७२ को भूकम्पले उक्त भवन चर्किएर छियाछिया भएकाले जोखिम मोलेर कर्मचारीले सेवा दिँदै आएकाले नयाँ भवनका लागि पहल गरिएको हो । उक्त स्वास्थ्य केन्द्रमा वडावासीका साथै छिमेकी पालिका बन्दीपुर-३ का सुखौरा र रामकोटलगायत क्षेत्रका बासिन्दाले सहज रूपमा सेवा लिँदै आएको अध्यक्ष आलेले बताउनुभयो ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**
**नाम: एलिना क्षेत्री**
**विमा लेख नं. २१०००८९०१**
**ठेगाना: फलेवास-४, पर्वत**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा**
**फोन: ९८४७७५९५८७**

## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**
**नाम: मेलिना क्षेत्री**
**विमा लेख नं. २१०००८८८५**
**ठेगाना: फलेवास-४, पर्वत**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा**
**फोन: ९८४६४८२७८१**

## सैदी पावर कम्पनी लिमिटेड

**कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ५, मालेपाटन**
**सम्पर्क नं. ९८४६५१७६६६, इमेल : saidihydro@yahoo.com**
**को**

**यस कम्पनीका सञ्चालक लगायत आधारभूत शेयरधनीहरूलाई हकप्रद शेयर वापतको रकम जम्मा गर्ने सम्बन्धी जरूरी सूचना**

(दोश्रो पटक प्रकाशित मिति २०८२/०८/०३)

**यस श्री सैदी पावर कम्पनी लिमिटेडको मिति २०८२/०५/१८ गते सम्पन्न दोश्रो वार्षिक साधारण सभाको निर्णय अनुसार, कम्पनीको चुक्ता पूँजी रु. १५,३०,४३,९००/- को आधारमा साकिका शेयरधनीहरुलाई ३.२५९ कित्ता साधारण शेयर बराबर १ कित्ता नयाँ शेयर (३ २५९:१) को अनुपातमा, प्रति शेयर अंकित मूल्य रु.१००/- दरका ४,६९,५६१ (अक्षरुपी चार लाख उनान्सत्तरी हजार पाँच सय एकसठ्ठी) कित्ता हकप्रद शेयर निष्कासन गर्ने निर्णय भएको छ । तसर्थ, आफ्नो हक हिस्सामा पर्न आउने हकप्रद शेयरको रकम मिति २०८२/०८/०३ गतेका दिनदेखि मिति २०८२/०९/१८ गतेभित्र निम्न खातामा जम्मा गर्नुहुन यस सूचना प्रकाशित गरिएको छ ।**

**कम्पनीको नाम : मैदी पावर कम्पनी लिमिटेड**
**खाता रहेको बैंक : कुमारी बैंक लिमिटेड**
**खाताको नाम : चल्ती खाता**
**खाता नम्वर : ०४१०१०१९१९८०००००१**